स्कूल डिस्ट्रिक्ट नं. १
कोलोराडो राज्य डेनभर सहर र काउन्टी
प्रस्ताव नं. ५०२२

**अतएव**, डेनभर पब्लिक स्कूल्स (डिपिएस) सम्पूर्ण डिपिएस विद्यार्थीहरूका लागि उच्च गुणस्तरीय स्कूल कार्यक्रम सञ्चालन गर्न र कायम राख्नका लागि प्रतिबद्ध छ।

**अतएव,** डिपिएस हाम्रा सम्पूर्ण विद्यार्थीहरूका लागि समान अवसरहरू सुनिश्चित गर्न हाम्रा विद्यार्थीहरू र स्कूलहरूमा लगानी गर्न प्रतिबद्ध छ;

**अतएव,** पर्याप्त भर्ना भएका स्कूलहरू सम्पूर्ण विद्यार्थीहरूलाई समान अवसरहरू सहित सुदृढ कार्यक्रमहरू प्रदान गर्न सक्षम हुन्छन्, जसमा शैक्षिक कार्यक्रमहरू, हस्तक्षेप र विस्तार अवसरहरू, उपयुक्त बहुभाषिक शिक्षा कार्यक्रम, विभिन्न किसिमका वैकल्पिक विषयहरूका साथसाथै सम्पूर्ण बच्चा सहयोग – सामाजिक भावनात्मक र मानसिक स्वास्थ्य सहयोगहरू, पुनर्स्थापनात्मक अभ्यास कार्यक्रम सामेल छन्;

**अतएव**, पर्याप्त तथा निरन्तर भर्ना तह भन्दा कम रहेका स्कूलहरूले बारम्बार अनियमित वैकल्पिक कोर्सहरू, भाषा शिक्षण तथा टिएनएलआइ कार्यक्रममा असर, हस्तक्षेप/विस्तार कोर्सहरूका लागि अपर्याप्त अवसरहरू, र कहिलेकाहीँ स्रोतहरू नभएका कारण विद्यार्थीहरू अतिरिक्त वसरहरूबाट बञ्चित हुने अनुभव गर्दछन्।

**अतएव,** डिपिएस स्टाफ तथा छिमेक सुदृढीकरण समितिले एलिमेन्टरी स्कूलमा ३०० भन्दा माथि विद्यार्थीहरूका लागि एउटा "सबल र स्थिर भर्ना" निर्धारण गरेको छ जसले गर्दा एलिमेन्टरी स्कूलहरूमा स्कूलले प्रति कक्षाकोठा २५ विद्यार्थी सहित प्रतिग्रेड दुई वटा कक्षाकोठा कायम राख्न सकून्; तथा डिपिएस स्टाफ साना वैकल्पिक, कार्यक्रमहरूमाथि विचार गर्दै माध्यमिक स्कूलहरूका लागि समान सीमा निर्धारण गर्न अतिरिक्त जानकारी सङ्कलन गर्न संलग्न हुनेछन्;

**अतएव**, स्कूल भर्ना यस सीमाभन्दा तल झर्ने बितिकै, योजना गरेका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने स्कूलको क्षमता घट्दो फन्डिङका कारण प्रभावित हुन्छ;

**अतएव**, डेनभरका धेरै भागहरूमा जनसाङ्ख्यिकीमा प्रमुख परिवर्तन भैरहेका छन् जसको नतिजा डिपिएस विद्यार्थी उमेरको जनसङ्ख्या पर्याप्त न्यूनीकरण भएको छ (२०१४-२०२० मा मात्रै करिब ५,००० एलिमेन्टरी विद्यार्थीहरू घटेका छन्);

**अतएव**, यो विद्यार्थी उमेर जनसङ्ख्या घटने क्रम आउने समयमा जारी रहने प्रक्षेपण गरिएको छ र यसले डिपिएस एलिमेन्टरी, मिडल तथा हाइ स्कूलहरूलाई असर गर्नेछ, किनकि घट्दो जन्मदर, आवास मूल्यमा वृद्धि र एकल परिवार आवासको साटो बहु परिवार आवासको निर्माणको राज्यब्यापी प्रवृत्ति देखिएको छ।

**अतएव,** हाम्रो घट्दो भर्ना दरका लागि समाधान विकास गर्नमा र विद्यार्थी तथा छिमेकलाई कसरी उत्कृष्ठ सेवा दिने भनी सँगै योजना गर्नमा डेनभर पब्लिक स्कूल्स स्कूल-समुदायको आवाजको सम्मान गर्दछ;

**अब, त्यसकारण, यसरी सङ्कल्प गरियोस्**, कि स्कूल उमेरका बच्चाहरूको सङ्ख्यामा तीव्र कमी देखिएकामा, शिक्षा बोर्ड डेनभर पब्लिक स्कूल्स सुपरिन्टेन्डेन्ट तथा डिस्ट्रिक्ट स्टाफलाई न्यून-भर्ना स्कूलहरू समीक्षा गर्ने डिस्ट्रिक्ट-ब्यापी प्रक्रियाको नेतृत्व गर्न निर्देशित गर्दछ;

**अगाडि यसरी सङ्कल्प गरियोस्,** कि डिपिएस स्टाफहरू स्कूल समुदायहरूसँग प्रत्यक्ष संलग्न हुनका लागि उत्तरदायी हुन्छन्, जसमा स्टाफ, विद्यार्थीहरू, आमाबाबुहरू/परिवारहरू/अभिभावकहरू, छिमेकहरू तथा छिमेकी समूहहरू, र डिपिएस विद्यार्थीहरूका लागि एडभोकेटहरू सामेल छन्।

**अगाडि यसरी सङ्कल्प गरियोस्**, कि डिस्ट्रिक्टले समुदायले नेतृत्व गरेको, डिस्ट्रिक्टले सहयोग गरेका विकल्पहरू सक्षम बनाउन र निर्माण गर्न डिस्ट्रिक्टले संयोजन, प्राविधिक सहयोग तथा अन्य आवश्यक सहयोग प्रदान गर्ने अपेक्षा शिक्षा बोर्डले गरेको छ, जुन विकल्पहरू प्रत्येक क्षेत्रका निर्दिष्ट आवश्यकताहरू प्रति संवेदनशील हुन्, र तिनले विद्यार्थीहरूका लागि गुणस्तरीय कार्यक्रम, आर्थिक सम्पन्नता, स्टाफिङ तथा सुविधा प्रयोग सुनिश्चित गरून्;

**अगाडि यसरी सङ्कल्प गरियोस्**, कि शिक्षा बोर्ड प्रस्तावित समुदायले नेतृत्व गरेका विकल्पहरू विद्यार्थीहरूका लागि निष्पक्ष, दिगो र उच्च गुणस्तरयुक्त हुन् भन्ने अपेक्षा गर्दछ;

**अगाडि यसरी सङ्कल्प गरियोस्**, कि शिक्षा बोर्ड प्रशासन व्यवस्था जस्तोसुकै भएता पनि सम्पूर्ण स्कूलहरूलाई यस वार्तालापमा सहभागी हुन प्रोत्साहित गर्दछ जसले गर्दा सम्पूर्ण डिपिएस विद्यार्थीहरूलाई गुणस्तरीय कार्यक्रमको पहुँच प्राप्त होस् र तिनीहरू त्यस्तो स्कूलमा पढून् जसले आफूले चाहेका कार्यक्रमहरू तथा स्कूल योजनाहरू पूर्ण रूपमा सञ्चालन गर्छन्;

**अगाडि यसरी सङ्कल्प गरियोस्**, कि सम्पूर्ण विकल्पहरूमाथिको विचार, तथा कुनै सम्भावित परिवर्तनले अनुमदि आदेश (टिएनएलआइ सहित) इएलए कार्यक्रमका लागि आधाररेखा अनुसार तथा विशेष शिक्षा साथसाथै सामाजिक भावनात्मक सिकाइ घटकहरू सामेल गरेर कानुनी आवश्यकताहरू पालना गर्न शिक्षा बोर्डले आवश्यक गरेको छ।

**अगाडि यसरी सङ्कल्प गरियोस्**, कि शिक्षा बोर्डले निम्नलिखित मापदण्ड पूरा गर्ने प्रस्तावित समुदायले नेतृत्व गरेका विकल्पहरूको मूल्याङ्कन गर्नेछ:

- शिक्षा बोर्डले विचार गरोस् भन्नका लागि सबल र दुर्बल पक्ष सहित बहु विकल्पहरू प्रस्तुत गरिन्छन्;
- विचार गरिएका विकल्पहरूले विद्यार्थीहरूलाई सेवा दिने डिपिएस स्कूलहरू/ग्रेडहरूको जम्मा सङ्ख्यालाई एकीकरण गर्न सक्छन्;

- विकल्पहरूमा ती स्कूल सामेल गरिन्छन् जसले एलिमेन्टरी स्कूलहरूमा ३०० भन्दा बढी विद्यार्थीहरूको भर्ना कायम राख्न सक्छन् र माध्यमिक स्कूलहरूका लागि सीमा स्थापित गरिन्छन्;

- विकल्पहरूले अन्य डिपिएस स्कूलहरू अनुरूप, स्कूलहरूलाई आर्थिक रूपमा दिगो हुने अवसर दिन्छन्;
- विकल्पहरूले कुनै पनि नयाँ सीमा संरचनाहरूका लागि सबल पक्ष र दुर्बल पक्ष प्रस्तुत गर्दछन्;
- विकल्पहरूले शैक्षिक कार्यक्रम तथा विद्यार्थी उपलब्धि वृद्धि गर्नका लागि सम्भावना बोकेका स्कूल कार्यक्रमका लागि समुदायले कल्पना गरेका अवधारणाहरू प्रस्तुत गर्दछन्;
- विकल्पहरूले बाँकी रहेका वा एकीकरण गरिएका स्कूलका लागि भवनहरूको प्रयोग साथसाथै कुनै सम्भावित रूपमा रिक्त भवनहरूको प्रयोगका लागि कल्पना गरेका अवधारणाहरू प्रस्तुत गर्दछन्।

*क्यारी ए. ओलसन, पिएचडी*

क्यारी ए. ओलसन, पिएचडी (जुन ११, २०२१ १०:१३ एमडिटि)

एन्जेला कोबियान, (जुन ११, २०२१ ११:३४ एमडिटि)

क्यारी ए. ओलसन, पिएचडी, सभापति,

सचिव